मालिका गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
... गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका ९३औं बैठक

आज मिति २०८३/०१/०८ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष देविराम अर्याल ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरूको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरू पारित गरियो ।

उपस्थिति:

| क्रम संख्या | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री देविराम अर्याल | |
| २ | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३ | वडा अध्यक्ष | श्री दिपक श्रीस | |
| ४ | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५ | वडा अध्यक्ष | श्री ज्ञान कुमार बुढा | |
| ६ | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७ | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८ | वडा अध्यक्ष | श्री दिपक भण्डारी | |
| ९ | वडा अध्यक्ष | श्री हिरा बहादुर कार्की | |
| १० | वडा अध्यक्ष | श्री सूर्य बहादुर घर्ती क्षेत्री | |
| ११ | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२ | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३ | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४ | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५ | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६ | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७ | कार्यपालिका सचिव | श्री विवेक खनाल | |

आमन्त्रित सदस्यहरु

१. ई. विष्णु अर्याल, इन्जिनियर
२. बसन्त भुसाल [illegible]
३. राम प्र. [illegible] (प्र.प्र.)

प्रस्तावहरु:-

१.आन्तरिक आम्दानीका योजनाहरुको सम्झौता/भुक्तानी सम्बन्धमा,

२.वडा स्तरीय योजनाहरुको सम्झौताका सम्बन्धमा,

३.खड्ग आ.वि.को जिर्ण भवन भत्काउने सम्बन्धमा,

४.रोजगार कार्यक्रम अन्तरगत रातो कितावमा भएका योजनाहरु वाहेक अन्य आयोजनाहरुको कार्यान्वयनका सम्बन्धमा,

५.विपदका सामग्रीहरु खरिद सम्बन्धमा,

६.स्वास्थ्य शिविर (महिलाको पाठेघरको मुखको परीक्षण) सञ्चालन सम्बन्धमा,

७.कृषि ज्ञान केन्द्रलाई प्राङ्गारिक मल सम्बन्धी सचेतना कार्यक्रम सञ्चालनका लागि अनुमति दिने सम्बन्धमा,

८.स्थानीय आर्थिक गणना समन्वय समितिको गठन सम्बन्धमा,

९.आगामी आ.व.२०८३/०८४ को वजेट लेखन समितिको गठन सम्बन्धमा,

१०. मालिका नमूना मा.वि. को भवन निर्माण सम्बन्धी दोश्रो ठेक्का खोल्ने सम्बन्धमा,

११.घमिर र मरभुङ्ग स्वास्थ्य चौकीमा ल्याब(प्रयोगशाला सेवा) को सेवा सञ्चालन गर्ने सम्बन्धमा,

१२.कृषि मेसिनरी औजार खरिदका लागि ठेक्का खोल्ने सम्बन्धमा,

१३.वडागत कार्यक्रम तथा विपद व्यवस्थापनका लागि पाईप खरिदका लागि ठेक्का खोल्ने सम्बन्धमा,

१४.वडा नं.-५ लाई आ.व.२०८३/०८४ को पूजिगत खर्च शिर्षक अन्तरगत रु.५ लाख थप रकम उपलब्ध गराउने सम्बन्धमा,

१५.योजना छनोट तथा प्राथमिकिकरण सम्बन्धी तालिम सञ्चालन सम्बन्धमा,

१६. शिक्षा शाखामा कार्यरत श्री भुम वहादुर घर्ती मगरको काज फिर्ता सम्बन्धमा,

१७.कोटेशन विधिबाट कार्य सञ्चालन सम्बन्धमा,

१८. विपद व्यवस्थापन समितिको वैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा,

१९. म्याद थप सम्बन्धमा,

२०. पाइप खरिद सम्बन्धमा

२१.योजनाको म्याद थप सम्बन्धमा

२२.सैरे घडेरी मिलनचोक मो.बा. मर्मतको रकम भुक्तानी सम्बन्धमा,

२३.योजनाको म्याद थप सम्बन्धमा,

२४. योजनाको निर्माण अवधि थप सम्बन्धमा

२५.वडाका कर्मचारी गाउँपालिकामा पदस्थापन गर्ने सम्बन्धमा,

२६.आ.व.२०८३/०८४ को लागि वडागत सिलिङ्गका सम्बन्धमा

२७.खर्च सार्वजनिक तथा अनुमोदन सम्बन्धमा,

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु:-

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | योजना शाखा | आ.व.२०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार आन्तरिक श्रोतबाट भुक्तानी गर्ने गरी विनियोजित गाउँपालिका /वडा स्तरिय योजना तथा कार्यक्रमका सम्बन्धमा छलफल गरी २०८३ वैशाख मसान्त भित्र कार्यान्वयनमा गएका योजनाहरुको भुक्तानीको लागि आवश्यक व्यवस्था मिलाउने र २०८३ वैशाख मसान्त पश्चात आन्तरिक आम्दानी/श्रोतबाट भुक्तानी गरिने गरी विनियोजित बाँकी योजना/कार्यक्रमहरुलाई कार्यान्वयमा नलैजाने निर्णय गरियो। |
| २. | योजना शाखा | आ.ब.२०८२/०८३ को वडागत वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनका सम्बन्धमा छलफल गरी २०८३ वैशाख मसान्त भित्र सम्झौता भएका/गरेका आयोजना/कार्यक्रमहरु कार्यान्वयनमा लैजाने र कार्यान्वयनमा नभएका आयोजना/कार्यक्रमहरुलाई कार्यान्वयनमा नलैजाने अर्थात सम्झौता नगर्ने निर्णय गरियो। |
| ३. | शिक्षा शाखा | मालिका गाउँपालिकाको वडा नं.-८ मरभुङ्गमा रहेको श्री खड्ग आधारभुत विद्यालयको पुरानो भवन जिर्ण भएको, वर्षादको समयमा हावाहुरी तथा पानीको कारण भत्केर विद्यार्थी तथा शिक्षकहरुलाई असर पुराउने देखिएको कारण उक्त भवन भत्काउनको लागि अनुमति पाउँ भनि विद्यालयबाट पत्र प्राप्त भएको हुँदा उक्त पुरानो भवन निकै जिर्ण भएकोले भत्काउनको लागि अनुमति दिने निर्णय गरियो। साथै पुरानो भवनका सामग्रीहरु विद्यालयले प्रयोग गर्ने वाहेकका अरु सबै प्रचलित कानूनको अधिनमा रही लिलाम बिक्रि गर्ने गराउने सम्बन्धमा निर्देशन दिने निर्णय गरियो। |
| ४. | रोजगार शाखा | चालु आ.ब.२०८२/०८३ को रोजगार शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार रातो कितावमा नपरेका योजनाहरुको कार्यान्वयनका सम्बन्धमा छलफल गरी तपसिलका आयोजनाहरु जिर्ण भएको,अधिक नागरिकहरुले उक्त योजनाहरुबाट सेवा लिने भएको हुँदा उक्त आयोजनाहरु थप गरि कार्यान्वयन चरणमा लैजाने निर्णय गरियो।<br>तपसिल:-<br>वडा नं १.<br>१.देउराली देखि सल्ला खर्क जाने घो.बा.<br>२.कोल्टीवाङ्ग घो.बा. मर्मत<br>३.सिविरा देउराली कालीगौडी घो.बा. मर्मत |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | ४.सिविरा रातागडी घो.बा.मर्मत |
| | | ५.देउराली कालीगौडी घो.बा. निर्माण |
| | | ६.भुमि चौर प्रा.वि. घो.बा निर्माण |
| | | ७.छेडा पधेरा घो.बा. मर्मत |
| | | ८.घचौर घो.बा. निर्माण |
| | | ९.बोम नेटा मो.बा. मर्मत |
| | | १०.जैसि पोखरा थाम मो.बा. |
| | | वडा नं.२. |
| | | १.चिलमिला पुल जाने घो.बा, |
| | | २. ठुलढुङ्गा घो.बा, मर्मत |
| | | ३. सिमखोल्ला घो.बा मर्मत. |
| | | वडा नं. ३. |
| | | १.कालिरह देखी गयल्चोर भथान मो वा |
| | | २.पिडालुखोर पटौटी मो.वा. |
| | | ३.खिर्राख घुम्ति देखी वडा कार्यालय हुँदै महभिर मो.वा. |
| | | ४.पिडालुखोर देखी कोटघर मो वा |
| | | ५.मेहाले देखि पासे मो वा |
| | | ६.नंडेको डाडा देखि गयल्चोर मो वा |
| | | ७.पिडालुखोर देखी पासे मो वा |
| | | वडा नं.४. |
| | | १.ठुलाकाभ्रा बाँझबिसौना मालिका स्थान घो.बा. निर्माण तथा मर्मत |
| | | २.काउलेपाटा डाँडाखर्क राधाकृष्ण मन्दिर ठुलाचौर बाख्रेछेंडा घो.बा. निर्माण तथा मर्मत |
| | | ३.पुरानपाटा डाँडाखर्क विरौटा भैंगरेथान मालिका गाउँपालिका मो.बा. नालि निर्माण |
| | | ४.आरुपाटा ठुलाचौर मो.बा. नालि निर्माण |
| | | वडा नं.५. |
| | | १.लाकुरी लेडेमेला भेडाखोर घो वा |
| | | २.भुस्पोले ठिन्के घो वा |
| | | ३.विद्यदेवि प्र वि पैयाखर्क घो वा |
| | | ४.काफलपाट आइचौर घो वा |
| | | ५.सुकेला तिखेचुली टावर घो वा |
| | | ६.छुट्नेवाटा देउराली सात्रवारी घो वा |
| | | ७.घोरेढुङ्गा दुधिले घो वा |
| | | ८.दरालेपाट भडारीडाँडा घो वा |

गाउँपालिका ... गुल्मी

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | ९.घोर्लेमेला बोम घो वा दुलाभीर घो वा<br>वडा नं. ६<br>१.कडेलपाटा भिरमुनी सिंधुरे पैदल मार्ग ।<br>वडा नं. ७<br>१.दिर्घ सल्लेडाडा घो.वा.<br>२.सिरानघर देखी घम्सारा सम्मको घो.वा.<br>३.काउले द्रिर्घ शाखा मो.वा.<br>४.काहाले जासैंखोला घो.वा.<br>५.चिसापानी ठाडढुङ्गा वेथढुङ्गा<br>६.बुढाचौर देखी भानुपोखरा सम्म घो वा<br>७.अर्चेङ्ग ठाडढुङ्गा घो.वा.<br>८.भानुपोखरा देखी टुनिखोला सम्मको शाखा मो.वा.<br>९.टुनिखोला देखी सार्की दिव घो.वा.<br>१०.चिसापानी पुरनकोट घो.वा.<br>११. सिलादी घमिर अर्खावाङ्ग मो वा<br>१२.अमलाबोट आरुम्टा घो वा<br>१३.टपटपे बरारुख घो. वा.<br>१४.खिरबोट पोखरी पाकारूख घो.वा.<br>वडा.नं .८<br>१.सिमलटारी नमता मर्भुङ्ग मैदान अर्खावाङ्ग मो वा<br>२.सिमलटारी दघास मैदान अर्खावाङ्ग मो वा<br>३.सिमलटारी हुल अर्खावाङ्ग मो वा |
| ५. | विपद शाखा | विपद जोखिमको दृष्टिमा यो गाउँपालिका उच्च स्थानमा रहेको, विगतका तथ्याङ्कहरु हेर्दा धेरै नागरिकहरु र विकासका पूर्वाधारहरु विपदबाट प्रभावित भएको अवस्था रहेको हुँदा चालु आ.ब. र आगामी आ.ब.मा विपदबाट प्रभावित विकास निर्माणका पूर्वाधारहरु खानेपानी र सिंचाईलाई केन्द्रित गरी आवश्यक पाइप खरिद गर्ने निर्णय गरियो। |
| ६. | स्वास्थ्य शाखा | चालु आ.ब.२०८२/०८३ को संघीय सशर्त अनुदान कार्यक्रम अन्तरगत प्रजनन रुग्णता स्वास्थ्य सेवा शिर्षकमा रु.१,३४,०००/- विनियोजन भएको, वित्तिय समानिकरण अनुदानबाट कर्मचारीको सेवाकालिन तालिम शिर्षकमा रु.१ लाख र सेवाकालिन तालिम खर्च शिर्षकमा रु.१,६६,०००/- गरी रु.२,६६,०००/- विनियोजन भएकोमा सेवाकालिन तालिम तथा सेवाकालिन तालिम खर्चमा विनियोजित रकम प्रजनन रुग्णता स्वास्थ्य सेवा शिर्षकमा रकमान्तर गरी हुन आउने कूल रकम रु.४ लाख रकम मध्येबाट महिलाको पाठेघरको मुखको परीक्षण सम्बन्धी शिविर सञ्चालन गर्ने निर्णय गरियो। |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | |
| ७. | कृषि शाखा | यस गाउँपालिकालाई अर्गानिक गाउँपालिका वनाउने, रासायनिक मलको प्रयोगमा कमि ल्याउने र स्थानीय श्रोत साधनको प्रयोग गरी प्राङ्गारिक मल वनाउने जस्ता सचेतनामुलक कार्यक्रम सञ्चालनका लागि कृषि ज्ञान केन्द्र गुल्मीलाई अनुमति दिने निर्णय गरियो। |
| ८. | सूचना प्रविधि शाखा | संघीय सरकारको नीति तथा कार्यक्रम अनुसार चालु आ.ब. २०८२/०८३ मा संचालन हुन गई रहेको आर्थिक गणनालाई वस्तुनिष्ठ, तत्थ्यमा आधारित वनाउने र वास्तविक तथ्याङ्क तयार गर्ने उदेश्य अनुरुप आवश्क सहयोग र अनुगमनका लागि तपसिलका पदाधिकारी र कर्मचारीहरु रहने गरी स्थानीय आर्थिक गणना समन्वय समितिको गठन गर्ने निर्णय गरियो।<br>तपसिलः-<br><br>१.संयोजकः- श्री देविराम अर्याल( मालिका गाउँपालिका अध्यक्ष)<br>२.सदस्य :-श्री उपेन्द्र अर्याल (मालिका गाउँपालिका उपाध्यक्ष)<br>३.सदस्य :-श्री विनोद श्रीस(वडा नं.-२को वडा अध्यक्ष)<br>४.सदस्य :-श्री सूर्य वहादुर थापा क्षेत्री (वडा नं.३ को वडा सदस्य)<br>५.सदस्य :-श्री बासुदेव अर्याल ( प्र.अ. अर्खावाङ्ग मा.वि.)<br>६.सदस्य :-श्री मन वहादुर घर्ती (कार्यालय प्रमुख अर्खावाङ्ग प्रहरी चौकी)<br>७.सदस्य सचिवः- श्री गणेश प्रसाद न्यौपाने (प्रशासन शाखा प्रमुख) |
| ९. | प्रशासन शाखा | आगामी आ.ब.२०८३/०८४ को लागि वजेट तयारी (श्रोत अनुमान, सिलिङ्ग वितरण, प्राथमिकिरण, योजना छनोट सम्बन्धी तालिम, बजेट भाषण, योजना तथा कार्यक्रमहरुको एकिकृत फाइल तयारी लगायतका सवै कार्यहरु) गर्नको लागि तपसिलका कर्मचारीहरु सम्मिलित वजेट लेखन तथा तयारी समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१.प्र.प्र.अ. श्री विवेक खनाल -संयोजक<br>२.प्रा.शा.प्र. श्री विष्णु अर्याल — सदस्य<br>३.यो.शा.प्र. श्री गोपाल व.सेन ओली -सदस्य<br>४.प्र.शा.प्र. श्री गणेश प्रसाद न्यौपाने सदस्य<br>५.सूचना प्र.शाखा प्रमुख श्री जगत वहादुर पौडेल -सदस्य<br>६.आ.शा.प्र. श्री राम कुमार के.सी. सदस्य सचिव |
| १० | प्राविधिक शाखा | संघीय सरकारको सशर्त अनुदान कार्यक्रमबाट आ.ब.२०८२/०८३ मा यस गाउँपालिकाको वडा नं.-८ मरभुङ्गमा रहेको श्री मालिका नमूना मा.वि. को भवन निर्माणका लागि रु.१ करोड रकम विनियोजन भएको, पहिलो प्याकेजको रुपमा ठेक्का खोलिएकोमा उक्त ठेक्काबाट वचत भएको रकमबाट उक्त विघालयको भवन निर्माण सम्बन्धी वाँकी कार्य गर्नको लागि |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | दोश्रो प्याकेजको रुपमा ठेक्का खोल्ने निर्णय गरी प्राविधिक शाखा प्रमुखलाई आवश्यक प्रकृया अगाडी बढाउनको लागि निर्देशन दिने निर्णय गरियो। |
| ११. | स्वास्थ्य शाखा | आम नागरिकको स्वास्थ्य उपचारका लागि ल्याव सेवा अत्यावश्यक हुने, ल्याव सेवाको अभावमा सामान्य बिरामी पनि सदरमुकाम जानु पर्ने, सामान्य मानिसहरु जान आउन खर्च बढी हुने, तम्घास अस्पत्तालमा बिरामीहरुको अधिक चापको कारण २ दिन भन्दा बढी समय लाग्ने हुँदा आम नागरिकबाट यो विषयमा व्यापक गुनासो आएको हुँदा यस गाउँपालिकाका वडा नं.-७ घमिर र वडा नं.-८ मरभुङ्ग स्वास्थ्य चौकीमा ल्याब (प्रयोगशाला सेवा) सेवा सञ्चालन गर्ने र ल्याब सेवा सञ्चालनका लागि आवश्यक वित्तिय व्यवस्थापन गाउँपालिकाको आन्तरिक श्रोतबाट गर्ने सम्बन्धमा निर्णय गरियो। |
| १२. | कृषि तथा पशु शाखा | यस गाउँपालिकाका ८ वटै वडाका कृषकहरुको माग निवेदनका आधारमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना मार्फत कृषि मेसिनरी औजार खरिदका लागि ठेक्का मार्फत प्राप्त औजारहरु किसानहरुलाई वितरण गरिएकोमा बाँकी किसानहरुबाट व्यापक माग आएको हुँदा तपसिलका शिर्षकहरुमा विनियोजित रकमबाट कृषि मेसिनरी औजार खरिदका लागि ठेक्का आव्हान गर्ने निर्णय गरि प्राविधिकलाई कार्यप्रकृया अगाडी बढाउनको लागि निर्देशन दिने निर्णय गरियो।<br>तपसिलः-<br>१.पहिलो ठेक्काबाट वचत भएको रकम रु.३८४२०९/-<br>२.वडा नं.-१ नेटाको वडागत वजेटबाट रु.१९००००/-<br>३.वडा नं.-४ अर्खावाङ्गको वडागत वजेटबाट रु.९६०००/-<br>४.वडा नं.-५ छापहिलेको वडागत वजेटबाट रु.३२५०००/-<br>५. वडा नं.-६ अर्जैको वडागत वजेटबाट रु.१३८०००/-<br>६.वडा नं.-८ मरभुङ्गको वडागत वजेटबाट रु.४५८०००/-<br>७. परियोजनाको शिर्षकबाट रकमान्तर रकम रु.९९५००/-<br>८. किसानको ५० प्रतिशत लागत सहभागिता रु.१६९०७०९/-<br>कूल जम्मा रु.३३,८१,४१८/- |
| १३. | विपद शाखा | यस गाउँपालिकाका क्षेत्र भित्रका साना सिंचाइ आयोजनाहरुको लागि आवश्यक सिंचाइ पाईप खरिद सम्बन्धमा छलफल गरी मुख्यतया साना सिंचाई आयोजना /कार्यक्रमहरु (खेतवारी,करेशावारी,कृषि फर्महरु) विपद (पहिरो,अधिक वर्षाद,आगलागी) का कारण सञ्चालनमा समस्या आउने गरेको हुँदा उक्त समस्या समाधानको लागि पक्की कूलोहरु निर्माणमा रकम अभावका कारण समस्या भएकोले तत्काल पाइप मार्फत सिंचाइको प्रवन्ध गर्ने उदेश्य अनुरुप तपसिलका शिर्षकहरुमा विनियोजित रकम रु.१८,४२,०००/-को |

गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... 

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | निम्नानुसारको साइजको पाइप इविडिङ्ग मार्फत खरिद गर्ने निर्णय गरी प्राविधिक शाखा प्रमुखलाई आवश्यक प्रकृयाका लागि निर्देशन दिने निर्णय गरियो। |
| १४. | प्रशासन शाखा | प्रत्येक आ.ब.को चैत मसान्त भित्रमा वडागत वजेटको न्यूनतम ८० प्रतिशत भन्दा वढी वित्तिय प्रगति गर्न सफल ८ वटा वडामध्ये सवैभन्दा वढी वित्तिय प्रगति गर्न सफल वडालाई पुरस्कार वापत रु.५ लाख थप अनुदान रकम उपलब्ध गराउने यस गाउँपालिकाको नीति अनुरुप चालु आ.ब.२०८२/०८३ को चैत मसान्त सम्ममा वडा नं.-५ छापहिलेले पूँजिगत शिर्षक तर्फ ८४ प्रतिशत भन्दा वढी वित्तिय प्रगति हासिल गर्न सफल भएकोमा वडा नं.-५का पदाधिकारी तथा कर्मचारीहरुलाई विशेष धन्यवाद दिदै उक्त वडालाई आगामी आ.ब.२०८३/०८४ को पूजिगत खर्च शिर्षक अन्तरगत रु.५ लाख थप रकम उपलब्ध गराउने निर्णय गरियो। |
| १५. | योजना शाखा | आगामी आ.ब. २०८३/०८४ को लागि वजेट तथा कार्यक्रम तयारीका सम्वन्धमा वस्तिस्तरबाट योजना छनोट तथा प्राथमिकिकरण गरी गाउँ कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने नीतिगत व्यवस्था रहेको, वस्ति स्तर देखि नै योजनाहरुको छनोटमा विशेष ध्यान दिनुपर्ने अवस्था देखिएको कारण यस गाउँपालिकाका सवै वडाहरुमा १ दिने योजना तर्जुमा, छनोट तथा प्राथमिकिरणका सम्बन्धमा आवश्यक तालिम सञ्चालन गर्ने निर्णय गरियो। |
| १६. | प्रशासन शाखा | यस गाउँपालिकाको शिक्षा शाखामा एकजना प्रा.स.मात्र भएको कारण शिक्षा सम्बन्धी आवश्यक विभिन्न कार्यक्रमहरु सञ्चालनमा समस्या भएको कारण नेटा दर्लिङ्ग मा.वि.का माध्यमिक तृतिय श्रेणीका अंग्रेजी शिक्षक श्री भुम वहादुर घर्ती मगरलाई काजमा ल्याईएकोमा निजको घरायसी समस्याको कारण निज गाउँपालिकामा आउन समस्या भएको हुँदा निजको काज फिर्ता गर्ने निर्णय गरियो। |
| १७. | प्राविधिक शाखा | प्रदेश सरकारको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त अनुदानबाट यस गाउँपालिकाको वडा नं.-३ ह्याङ्गदीमा रहेको मलागिरी खर्रे खडिगाडा सिंचाइ आयोजना निर्माणको लागि रु.७ लाख रकम विनियोजन भएको हुँदा उक्त आयोजनाको कार्यान्वयन कोटेशन विधिबाट गर्ने सम्वन्धमा निर्णय गरि प्राविधिक तथा योजना शाखालाई कार्य प्रकृया अगाडी वढाउंनको लागि निर्देशन दिने निर्णय गरियो। |
| १८. | विपद शाखा | गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको मिति २०८३/०१/०७ गतेका दिन वसेको विपद व्यवस्थापन समितिको वैठकले विभिन्न समयमा यस गाउँपालिकाका विभिन्न वडामा वसोवास गर्ने १० जना नागरिकहरु विपदबाट प्रभावित भएकोले निजहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरी अनुमोदनका लागि पेश हुन आएको हुँदा उक्त निर्णयका सम्वन्धमा छलफल गरी अनुमोदन गर्ने र विपद प्रभावितहरुलाई राहात रकम उपलब्ध गराउने निर्णय गरियो। |
| १९. | योजना शाखा | यस गाउँपालिकामा रहेको वडारमुनी सैरे वोम भिमगिठे सडक स्तरोन्नती कार्यको लागि ईविडिङ्ग(OMRM-GUL-W-NCB-35/082/083) मार्फत ठेक्का खोलिएकोमा श्री मुडली कन्स्ट्रक्सन तम्घास-४ गुल्मीले पेश गरेको दररेट सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | दररेट स्वीकृत मिति २०८२/११/०५ गतेका दिन सम्झौता भएको मितिले ३ महिना भित्र कार्य सम्पन्न गर्ने गरी द्विपक्षिय सम्झौता भएकोमा निर्माण कंपनीले मिति २०८३/०१/७ गतेका दिन सोही सडकमा अर्को ठेक्काको निर्माण कार्य भइरहेको कारण ग्रावेलका लागि मेसिनहरु ल्याउन समस्या भएकोले समयमा कार्य सम्पन्न गर्न नसिकएकोले मिति २०८३/०३/१२/ गते सम्मको अवधिका लागि म्याद थप गरिपाउँ भनि निवेदन पेश गरेकोमा प्राविधिक शाखा प्रमुखको राय अनुसार निर्माण स्थलमा सामग्री ल्याउन वाटो वन्द रहेको कारणले सम्झौता भएको अवधिमा कार्य सम्पन्न गर्न नसकिने भएकोले निवेदको माग निवेदन बमोजिम योजनाको म्याद थप गर्ने निर्णय गरियो। |
| २०. | प्राविधिक शाखा | चालु आ.ब.२०८२/०८३ को गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार खानेपानी तथा सिंचाइको प्रयोजनार्थ पाइप खरिद सम्वन्धमा तपसिलका शिर्षकमा निम्नानुसारको रकम विनियोजन भएको (उपभोक्ताको २५ प्रतिशत समेत एकिकृत) हुँदा उक्त रकमबाट आवश्यक पाइप,त्रिपाल इबिडिङ्ग मार्फत ठेक्का खोलि खरिद गर्ने निर्णय गरि प्राविधिक तथा योजना शाखालाई कार्य प्रकृया अगाडी बढाउनको लागि आवश्यक निर्देशन दिने निर्णय गरियो।<br>तपसिलः-<br>१.ग्याबियन जस्तापाता तथा खानेपानी पाइप खरिद रु.८०००००/-<br>२.वडागत साझेदारी रु.३७४१७०/-<br>६. गाउँपालिका विपद कोषबाट रु.८१६०७९/-<br>कूल जम्मा रु.१९९०२४९/- |
| २१. | योजना शाखा | यस गाउँपालिकामा रहेको म्यालचौर छेडा देउराली लिलिङ्ग सडक स्तरोन्नती कार्यको लागि ईबिडिङ्ग(OMRM-GUL-LISP-W-NCB-29/082/083) मार्फत ठेक्का खोलिएकोमा श्रीवामीटक्सार कन्स्ट्रक्सन प्रा.ली.मुसिकोट-६,गुल्मीले पेश गरेको दररेट सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त दररेट स्वीकृत मिति २०८२/१०/०७ गतेका दिन सम्झौता भएको मितिले ३ महिना भित्र कार्य सम्पन्न गर्ने गरी द्विपक्षिय सम्झौता भएकोमा निर्माण कंपनीले मिति २०८३/१२/१० गतेका दिन प्रतिनिधी सभाको निर्वाचन,इराक अमेरिका युद्धको कारण इन्धनमा महङ्गीको कारण समयमा कार्य सम्पन्न गर्न नसिकएकोले मिति २०८३/०२/१० गते सम्मको अवधिका लागि म्याद थप गरिपाउँ भनि निवेदन पेश गरेको तर वैंक ग्यारेन्टी नभएको कारण निवेदको माग निवेदन बमोजिम योजनाको म्याद थप नगर्ने निर्णय गरियो। |
| २२. | विपद शाखा | यस गाउँपालिकाको वडा नं.-४ अर्खावाङ्गमा पर्ने सेरै पोखरा देखि निस्तिखोला पुल सम्मको मो.बा. अविरल वर्षादको कारण बिग्रेर सवारीका साधनहरु सञ्चालनमा कठिनाई भइरहेको र यस क्षेत्रको सवभन्दा ठूलो थापाहरुको कुलपुजामा धेरै थापाहरु पुजाको लागि सवारी साधन सहित आवत जावत गर्नु पर्ने भएकोले उक्त वाटो मर्मत संभारको लागि निवेदन पेश भएको र सो सम्वन्धमा अध्यक्ष ज्यूबाट तोकादेश भएको, यस वैठकमा व्यापक छलफल गरी उक्त |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr>
<td>२६.</td>
<td>श्रोत अनुमान तथा बजेट निर्धारण समित</td>
<td>मालिका गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकको निर्णयानुसार आगामी आ.ब. को अनुमानित वडागत बजेट(पूजिगत तथा संचालन) सीमा निर्धारण तपसिल अनुसार तोकिएको हुँदा उक्त निर्णय अनुमोदन गरी वडा कार्यालयहरुलाई आगामी आ.ब.२०८३/०८४ को अनुमानित बजेटको सिमा निर्धारण उपलब्ध गराउने निर्णय गरियो।<br>तपसिल:-
<table>
<tr><th>क्र.सं.</th><th>वडाको नाम</th><th>अनुमानित बजेटको सिमा</th><th>संचालन तर्फ</th></tr>
<tr><td>१.</td><td>नेटा</td><td>२०,९२,०००/-</td><td>रु.३२००००/-</td></tr>
<tr><td>२.</td><td>दर्लिङ्ग</td><td>२७,१६,०००/-</td><td>रु.३३६०००/-</td></tr>
<tr><td>३.</td><td>हाँङ्गदी</td><td>२४,२८,०००/-</td><td>रु.३२००००/-</td></tr>
<tr><td>४.</td><td>अर्खावाङ्ग</td><td>२०,८९,०००/-</td><td>रु.३०००००/-</td></tr>
<tr><td>५.</td><td>छापहिले</td><td>३१,६४,०००/-</td><td>रु.३३६०००/-</td></tr>
<tr><td>६.</td><td>अर्जै</td><td>२४,४३,०००/-</td><td>रु.३३४०००/-</td></tr>
<tr><td>७.</td><td>घमिर</td><td>२६,९८,०००/-</td><td>रु.३३४०००/-</td></tr>
<tr><td>८.</td><td>मरभुङ्ग</td><td>३३,७०,०००/-</td><td>रु.३४००००/-</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>२,१०,००,०००/-</td><td>रु.२६२००००/-</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>२७.</td>
<td>लेखा शाखा</td>
<td>यस गाउँपालिकाको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत २०८२ चैत्र महिनामा संचालन तथा पूँजिगत शिर्षकमा विनियोजित रकमबाट रु.९,०३,१७,४५१ रुपैयाँ खर्च भएकोले उक्त खर्च रकम सार्वजनिक गरी अनुमोदन गर्ने निर्णय गरियो।</td>
</tr>
</table>

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत